# पाँचौ बैठक

आज मिति २०७९ साल असार २३ गते बिहीबारको दिन ३ बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **पाँचौ** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई** ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपशील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशीलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई
२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा
३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री
४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल
५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत
६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई
७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का
८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई
९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा
१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार
११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)
१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई
१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल
१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार
१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी
१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**<u>प्रस्तावहरुः-</u>**

१. शिशु पोषण भत्ता वितरण सम्बन्धमा

**<u>निर्णयहरुः-</u>**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७८/७९ को शिशु पोषण भत्ता वितरणलाई व्यवस्थित बनाउन र यस आ.व. भत्ताको लागि रकम कम भएकोले तपशीलका आधारमा भत्ता वितरण गरिने भनी सर्वसहमतमा निर्णय गरियो।

१. हरेक वडाका स्वास्थ्य चौकी कार्यालयमा वडा समितिका १ जना सदस्य, २/२ जना स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीहरुको उपस्थितिमा मिति २०७८ असार २४ गते कार्यालय समयमा पोषण भत्ता वितरण गर्ने,
२. मिति २०७७ साउन १ गते देखि २०७८ पुस मसान्तसम्म जन्मेका शिशुहरुलाई मात्रै पोषण भत्ता वितरण गर्ने,
३. मिति २०७८ माघ १ गतेदेखि पछि जन्मेका शिशूहरु र बुदा नं. २ बमोजिमका छुटेका शिशुहरुको लागि आगामी आ.व. २०७९/८० मा मिति २०७९ असोज महिनामा भत्ता वितरण गर्ने,
४. कार्यक्रम लागु भएदेखि मिति २०७७ साल असार मसान्त अघि पोषण भत्ता छुटेका शिशुहरुको हकमा गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य तथा सरसफाइ शाखा मार्फत आवश्यक कागजातहरु सहित निवेदन पेश भएमा कार्यालयबाट उपयुक्त निर्णय गरी भत्ता उपलब्ध गर्ने,
५. मिति २०७९ साल साउन १ गते पछि जन्मेका शिशुहरुलाई १८ महिनाको मात्रै भत्ता प्रादान गर्ने र एक दम्पत्तीबाट जन्मेका सबै शिशुहरुलाई मासिक रु. १००० एक हजार) को दरले भत्ता प्रदान गर्ने।
६. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा नियमित जाँच गरेका शिशुहरुलाई मात्रै भत्ता प्रदान गर्ने।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत